प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३० ॥ २०८२ असोज २५ गते शनिबार (11th Oct 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# सर्वदलीय बैठकमा चुनावमा लाग्न राष्ट्रपतिको आव्हान



झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले देश, जनता लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको बताउँदै फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनमा केन्द्रीत हुन दलहरूलाई आग्रह गरेका छन् ।

राष्ट्रपति पौडेलले शुक्रबार शीतल निवासमा आह्वान गरेको अन्तरिम सरकारसहितको सर्वदलीय बैठकमा उक्त आग्रह गरेका हुन् । उनले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आम नागरिकलाई दिलाउन सरकारलाई सुझाव दिएको प्रेस सल्लाहकार किरण पोखरेलले बताए ।

राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने बताए । पौडेलले राजनीतिक दलहरूमा कुनै द्विविधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालियो भने यसले देशलाई कहाँ पुर्‍याउँछ भन्ने पनि सोच्न आग्रह गरे । उनले पार्टीहरूले पनि कन्फ्युजन सृजना नगरी जेन-जीको माग पनि आफूहरूले पूरा गर्ने भनेर जनतामा जान आग्रह गर्दै दलहरूको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताए ।

बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले लोकतन्त्रमा विश्वास गर्ने राजनीतिक दलहरू निर्वाचनमा जान सधैँ तयार रहेको बताउँदै अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संशय पैदा भएको बताएका थिए । उनीहरूले यो शंका र संशय हटाएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने विश्वास दिलाउन सरकारले सक्नुपर्ने बताएका थिए ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले दलहरूको सहभातिाबिना निर्वाचन नहुने विषयमा सरकार प्रष्ट जानकार रहेको भन्दै स्वतन्त्र निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने विश्वास दिलाइन् । जेन-जीहरू हामीहरू सबैको छोरा, नाति भएकाले उनीहरूले किन आज यस्तो असन्तुष्टी व्यक्त गरे भन्ने बुझेर परिवर्तनलाई आत्मसात गर्दै अगाडि बढ्न दलहरूलाई आग्रह गरेकी थिइन् ।

बैठकमा अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसहित सबैमन्त्री सहभागी थिए ।

उक्त बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुन सहभागी थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यबाहक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिन कुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रवक्ता ज्ञानेन्द्र शाही र मिना लामा, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसाल सहभागी थिए । त्यस्तै, जनता समाजवादी पार्टीबाट रेनु यादव, जसपा नेपालबाट विद्युत् बज्राचार्य र प्रकाश अधिकारी, जनमत पार्टीबाट चन्द्रकान्त राउत र डा जयकुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापति, सहभागी थिए ।

यसैबीच सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जेनजीहरूका महत्त्वपूर्ण माग सम्बोधन गर्दै निर्वाचन गर्ने वातावरण सरकारले निर्माण गर्ने बताएका छन्।

राष्ट्रपति भवन शीतलनिवासमा बसेको सर्वदलीय बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्। उनले राजनीतिक दलहरूले निर्वाचनमा भाग लिन्न नभनेकाले निर्वाचनको वातावरण बनेको बताए।

निर्वाचन आयोग पनि कार्यतालिका बनाएर अघि बढेको बताए। सुरक्षा निकायहरूले पनि सुरक्षाकर्मीको मनाबेल नघटेको बताएको जानकारी दिए। सुरक्षा निकाय उच्च मनोबलका साथ निर्वाचन गराउन अग्रसर रहेको बताउँदै मुलुक संवादहीनताको दिशामा अघि बढेको र निर्वाचनको माहोल बनेको बताए।

देश, जनता र राजनीतिक दल र जेनजीको साथ सबै निर्वाचनको बाटोमा अघि बढेको बताए।

तर ,राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता ज्ञानबहादुर शाहीले जेन जीको आन्दोलन २०८४ को निर्वाचन ०८२ मा गर्नको लागि नभएको बताएका छन्।

शुक्रवार साँझ शीतलनिवासमा भएको सर्वदलीय बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्।

आन्दोलन प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, प्रदेश संरचना खारेजी, गैरदलीय स्थानीय तहका लागि, संवैधानिक निकायमा राजनीतिक नियुक्ति बन्द गर्न, भ्रष्टाचार नियन्त्रणका लागि नयाँ कानून निर्माण गर्न र अहिलेको वास्तविक जेन जीको माग पूरा गर्नका लागि भएको बताए।

१८ वर्षको जेनजीले मतदान गर्न पाउने तर २५ वर्ष नपुगी उम्मेदवार बन्न नपाउने कानून खारेज गर्न पनि उनले माग गरे। उनले अनलाइन मतदान प्रणालीबाट अघि बढ्नुपर्ने र विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था हुनुपर्ने माग पनि गरे।

राप्रपाले राजासहितको प्रजातन्त्रको कुरा अघि बढाएको उल्लेख गर्दै उनले संविधान संशोधन नभइ निर्वाचन हुन नसक्ने बताए।

# जुवा खेल्दै गर्दा ११ जना जुवाडे पक्राउ



झापा(प्रस) । बिहीवार राति बिर्तामोड ८ मा जुवा खेल्दै गर्दा पक्राउ पर्ने जुवाडेहरुको नाम प्रहरीले सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा बिर्तामोड ८ बस्ने बर्ष ३५ का कालीप्रसाद राजवंशी, सोही ठाउँ बस्ने बर्ष ५३ का भानु दाहाल, बर्ष ४६ का राजन भट्टराई, बर्ष ३१ का दिलिपप्रसाद राजवंशी, बर्ष ५० का ओमनाथ उप्रेती , बर्ष २५ का निरज रोक्का, बर्ष २९ का मनिष पौडेल, बर्ष ३५ का कुबेर मैनाली, बर्ष २६ का मनोज पौडेल , बर्ष ३७ का स्वस्तिक ओली र बर्ष ३० का प्रितम उप्रेती रहेका छन् ।

राति १० बजे बिर्तामोड ८ किसनभिट्ठास्थित ओमनाथ उप्रेतीको घरको दोस्रो तलामा जुवाजन्य तास खेलिरहेको अबस्थामा उनीहरु पक्राउ परेका हुन् । गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाको प्रहरी टोलीले घरधनी उप्रेतीसहितलाई जुवाजन्य तास खेलिरहेको अवस्थामा एक बुङ तास, नगद २ लाख १५ हजार ५५० रुपैयाँ र ९ थान मोबाइलसहित नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेहरुलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

# स्कुटर र मोटरसाइकल जुध्दा एकको मृत्यु, दुई घाइते



झापा(प्रस) । झापाको शिवसताक्षीमा स्कुटर र मोटरसाइकल जुध्दा एक जनाको मृत्यु भएको छ भने दुईजना गंभीर घाइते भएका छन् । शुक्रवार दिउँसो अन्दाजी १:२० बजे शिवसताक्षी - १ मन्दिर टोलस्थित भित्री पक्की सडकखण्डमा पाराबारीबाट धरमपुर चौकतर्फ आउँदै गरेको प्र.१-०१-०१६ प ९३५८ नं को स्कुटर र बिपरित दिशाबाट जाँदै गरेको.१-०२-०४३ प ९४७५ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा स्कुटर चालक बिर्तामोड -५ बस्ने अन्दाजी बर्ष-२५ की निरूता भट्टराई , सोही स्कुटी पछाडी सवार सिन्धुपाल्चोक चिम्लिङबेसी -४ बस्ने बर्ष-३४ का सिताराम पराजुली गंभीर घाइते भएका थिए । त्यस्तै मोटरसाइकल चालक मोरङ उर्लाबारी -१ बस्ने अन्दाजी बर्ष-३१ का सुरज कार्की पनि गंभीर घाइते भएका थिए । तीनैजना गम्भीर घाइतेलाई बीएण्डसी अस्पताल बिर्तामोडमा लगिएकोमा स्कुटी चालक निरुता भट्टराईलाई अस्पताल पुर्याउनासाथ डाक्टरले मृत घोषणा गरेका छन् । अन्य दुईजनाको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# भारतमा राजनीतिक भेटघाट गरेर दुर्गा फर्किए



झापा(प्रस)। विशेष राजनीतिक भेटघाटका लागि भारत गएका राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालका केन्द्रीय संयोजक दुर्गा प्रसाई घर फर्किएका छन् । शुक्रवार दिउँसो भारतकोपानीटंयाकीबाट काँकडभिट्टा नाका हुँदै प्रसाईं प्रदेश-१-०१ ००१ च ९१९५ (भारतीय दूतावासको पास भएको) नम्बरको गाडीमा घर फर्किएका हुन् । उनी असोज १८ गते पानीटंयाकी हुँदै दिल्ली गएका थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सचिवालयले बोलाएपछि उनी दिल्ली गएको बताइएको छ । तर, उनले गरेको राजनीतिक भेटघाटका बारेमा खुलाइएको छैन । केन्द्रीय संयोजक प्रसाई विशेष राजनीतिक भेटघाट र स्वास्थ्य उपचार गरेर फर्किएको अभियानका प्रवक्ता माधव कल्पितले बताए । अभियानको केन्द्रीय कमिटीको बैठक असोज ३० गते बस्दैछ । त्यसवारे आगामी आन्दोलनबारे छलफल हुने कल्पितले जानकारी दिए । प्रसाईले छठपछि आन्दोलन गर्ने बताएका थिए । हरेक वर्ष अभियानले मंसिर ७ गते भ्रष्टाचारविरुद्ध कार्यक्रम गर्ने गरेकाले सोही सन्दर्भ पारेर आन्दोलन शुरु गरिने कल्पितको भनाई छ ।

# एमालेमा नेतृत्व परिवर्तन महाधिवेशनबाट



झापा(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ५८औँ सचिवालय बैठकमा पार्टीको महाधिवेशन छिट्टै आयोजना गर्ने विषयमा छलफल भएको छ।

शुक्रवार एमाले अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भक्तपुरको गुण्डुस्थित ओली निवासमा बसेको बैठकमा महाधिवेशन छिट्टै गर्ने बारेमा छलफल भएको पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए।

बैठकपछि पत्रकारहरूलाई जानकारी दिँदै ज्ञवालीले भने, “पार्टीको एकतालाई सुदृढ गर्नुपर्नेछ, नेतृत्व हस्तान्तरण गर्नुपर्नेछ, पुस्तान्तरण गर्नुपर्ने कुरा उठेका छन्।

तर ती सबै कुरालाई पार्टीको महाधिवेशनले गर्नेछ। त्यसकै लागि छिट्टै महाधिवेशन गर्नेभएको छ। सम्भवत भोलिको बैठकले यसबारेमा निर्णय लिनेछ।” पार्टीको महाधिवेशनको माध्यमबाट अहिले उठेका सबै प्रश्नको जवाफ खोज्नु पर्ने र महाधिवेशनको माध्यमबाट नयाँ ढङ्गले अगाडि बढाएर जाने बैठकले निष्कर्ष निकालेकाले अब छिट्टै महाधिवेशन हुने उनले बताए।

बैठकमा भदौ २३ र २४ को जेनजी आन्दोलनबारे सविस्तार समीक्षा गरिएको जानकारी नेता ज्ञवालीले जानकारी दिए।

उनले भने, “भदौ २३ गते जेनजी युवाहरूले राखेका आवाज स्वाभाविक थिए, आन्दोलन शान्तिपूर्ण हुन्छ, निषेधित क्षेत्र तोडदैनौं, सुशासन र भ्रष्टाचार विरुद्धको आन्दोलन शान्तिपूर्ण हुन्छ भन्नुभएको थियो तर त्यसो भएन।” सरकारले राष्ट्रिय एकता कायम गर्नुपर्ने, दललाई निषेध नगरी एकता बनाएर जानुपर्ने र सिँगो देशलाई एक ठाउँमा उभ्याएर एकताको वातावरण सृजना गर्नुपर्ने उनले।

बैठक शनिवार पुनः बस्नेछ।

# प्रादेशिक अस्पतालमा साबुन छ, धारो छैन



भद्रपुर(प्रस) । प्रादेशिक अस्पताल भद्रपुरमा शौचालय परिसरमा अस्पतालले हात धुने तरिका र साबुन राखेको छ तर ,धारो र पानीको व्यवस्था नै छैन । धारो खोई भनेर प्रश्न गर्दा त्यहाँ कार्यरत कर्मचारी भने हराएको प्रतिक्रिया दिएर पन्छिने गरेका छन् ।

बेथितिले थिचेर शिथिल भएको सरकारी स्वामित्वको यस अस्पताल प्रशासन विकृति रोक्न असफल हुँदा महत्वपूर्ण उपकरणदेखि सामान्य सामग्री समेत हराउने, मासिने र चोरिने समस्या बढ्न थालेको हो ।

अस्पताल परिसरको सुरक्षा गर्ने भनेर दर्जनौ सुरक्षाकर्मी राखिएको छ तर अस्पतालभित्र जडान गरिएका धारादेखि पानी शुद्ध पिउने भनेर राखिएका फिल्टर समेत हराएर खाली हुँदै गएका छन् । अस्पताल अस्तव्यस्त हुनुमा प्रशासनको नेतृत्व गर्नेदेखि व्यवस्थापनको जिम्मेवारी पाउनेसम्म उत्तिकै दोषी रहेको सेवाग्राहीको आरोप छ ।

संघीय सरकारले सही व्यवस्थापन गर्न सकेन भनेर प्रदेश सरकारको स्वामित्वमा ल्याइएको प्रादेशिक अस्पतालको हालत र मुहारमा कुनै परिवर्तन भएको संकेत देखिदैन ।

विगतमा पुरानो भवन साँघुरो भयो भनेर समयानुकूल नयाँ भवन निर्माण गरी सेवा प्रवाह पनि थालियो तर बिरामीले पुर्जा लिनेदेखि शौचालय जाने अवस्थासम्म सास्ती र असहजता भोग्नु पर्ने बाध्यता छदैछ । नेपालमा राजनीति विकृतिको भुमरी भयो भनेर नव युवाहरूको विद्रोहले तहसनस बनाइसकेको छ तर सरकारी सम्पत्ति दुरूपयोग गर्नेहरू सुरक्षित रहनु र कर्मचारीको सेवा प्रवाह विकृति मुक्त हुन नसक्दा अस्पताल, शिक्षालय लगायत जनसरोकारका सरकारी सेवा निकम्मा बन्ने क्रम जारी छ ।

नयाँ भवन त बन्यो तर सेवा प्रवाह प्रणाली भने अझै पुरानै रहेका कारण अव्यवस्थित र अपारदर्शी प्रशासनका कारण विरामीलाई सेवाभन्दा त्रास बढी सहनु पर्ने अवस्था छ ।

# अन्तर्राष्ट्रिय झापाली समाजको अध्यक्षमा चम्लागाँई

झापा(प्रस) । विश्वका विभिन्न मुलुकमा रहेका झापालीहरुको छाता संस्था अन्तर्राष्ट्रिय झापाली समाजको अध्यक्षमा महेन्द्रप्रसाद चम्लागाँई निर्वाचित भएका छन् । शुक्रवार झापाको बिर्तामोडमा भएको संस्थाको पाँचौ महाधिवेशनले चम्लागाँईलाई सर्वसम्मत रुपमा अध्यक्ष चयन गरेको हो ।झापा बाह्रदशीका चम्लागाई हाल कतारमा बस्दै आएका छन् । उनी सफल व्यवसायीसँगै सामाजिक अभियन्ताको रुपमा परिचित छन् ।यसअघि उनी समाजको वरिष्ठ उपाध्यक्ष रहेका थिए ।

समाजको वरिष्ठ उपाध्यक्षमा दीपक चुडाल चयन भएका छन् । समाजको उपाध्यक्षमा नगेन्द्रप्रसाद पोखरेल (नवीन) (कतार), चुडामणि कार्की (कतार), महिला उपाध्यक्षमा सीता पाण्डे चयन भएका छन् ।

ज्ञञ

त्यस्तै महासचिवमा चिरन खवास चयन भएका छन् ।समाजको सचिवमा भवानीप्रसाद कोइराला र अजय राजवंशी, कोषाध्यक्षमा उमेश पोखरेल र सह कोषाध्यक्षमा रविन गिरी चयन भएका छन् । ओशनिया क्षेत्रीय संयोजकमा निरन्जन प्रसाई (अष्ट्रेलिया), मध्यपूर्व क्षेत्रीय संयोजकमा केशव कार्की कतार), मध्यपूर्व क्षेत्रीय उपसंयोजकमा टीका धिताल (ओमन), युरोप संयोजकमा लोकेन्द्र नेपाल (बेल्जियम) , युरोप उपसंयोजक प्रकाश गिरी( नेदरल्याण्डस्) , अमेरिका क्षेत्रीय संयोजकमा आशिष संग्रौला , अमेरिका उपसंयोजकमा डिल्ली थापा चयन भएका छन् ।

# मंसिरमा महाधिवेशन नगर्ने पक्षमा कांग्रेसको संस्थापन

झापा(प्रस) ।नेपाली कांग्रेसको संस्थापन पक्ष आगामी मंसिरमै पार्टीको महाधिवेशन नगर्ने पक्षमा देखिएको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा सुरु भएको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा संस्थापन पक्षले मंसिरमा समय थोरै भएकाले महाधिवेशन गर्न सम्भव नभएको बताएको हो ।

बैठकमा संस्थापन पक्षमा सहमहामन्त्रीद्वय महेन्द्र यादव र उमाकान्त चौधरी तथा पूर्वउपभापति विमलेन्द्र निधिले धारणा राखेका थिए । तीन नेताले धारणा राख्ने क्रममा मंसिरमा नियमित महाधिवेशन गर्न समय अपुग हुने बताएका थिए ।

पूर्वउपसभापति निधिले नियमित वा विशेष महाधिवेशनतिर नलागी पार्टीलाई सरकारले घोषणा गरेको निर्वाचनमा केन्द्रित गर्नुपर्ने बताएका थिए । निधिले नेतृत्वको वैधानिक हस्तान्तरण आवश्यक रहेको र त्यो मंसिरभित्र सम्भव नरहेको बताएका थिए । तत्कालका लागि कार्यवाहक सभापति बनाएर निर्वाचनको तयारी गर्नु उपयुक्त रहेको उनको भनाइ थियो । 'आम निर्वाचनमा जानुपर्दछ । नेतृत्वको वैधानिक हस्तान्तरण जरुरी छ,' निधिले



बैठकमा भनेका थिए, 'तत्काल कार्यवाहक सभापति मार्फत अघि बढ्न उपयुक्त हुन्छ ।' सहमहामन्त्री उमाकान्त चौधरी र महेन्द्र यादवले भने क्रियाशील सदस्यता नवीकरण र वितरणको काम नसकिएकाले मंसिरमा महाधिवेशन गर्न नसकिने बताएका थिए । ' क्रियाशील सदस्यता नवीकरण र वितरणको जिम्मेवारी पाएकाहरूले समयमा काम गरेनन् । त्यही कारण तत्काल नियमित महाधिवेशन गर्न सकिने अवस्था देखिँदैन,' उनीहरूले बैठकमा राखेको धारणा उल्लेख गर्दै एक पदाधिकारीले जानकारी दिए ।

कांग्रेसले क्रियाशील सदस्यता नवीकरण र वितरणको काम गर्न एक वर्ष अगाडि महामन्त्री गगन थापाको नेतृत्वमा क्रियाशील सदस्यता व्यवस्थापन समिति बनाएको थियो । समितिले अहिलेसम्म नवीकरणको काम नै नसकेकाले नयाँ वितरणको सुरु नै हुन सकेको छैन ।

बैठकपछि प्रवक्ता डा. प्रकाशशरण महतले समयको पावन्दीले मंसिरमा महाधिवेशन गर्न गाह्रो हुन्छ कि भन्ने धारणा पनि बैठकमा आएको बताएका थिए । 'बैठकमा समय कम भएकाले मंसिरमै महाधिवेशन गर्न सकिन्न कि भन्ने धारणा पनि आएका छन् । महाधिवेशन गर्नुपर्छ भन्ने धारणा पनि आएका छन्,' प्रवक्ता महतले सञ्चारकर्मीहरूसँग भनेका थिए । बैठकमा पार्टीभित्रको इतर समूहका नेता डा.शेखर कोइरालाले नियमित महाधिवेशन गर्नुपर्ने बताएका थिए ।

# प्रचण्डको सुरक्षामा पूर्वलडाकु र वाईसीएल दस्ता



झापा(प्रस) । माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको सुरक्षामा पूर्वलडाकु र वाईसीएलका तालिमप्राप्त दस्ता खटिएको छ ।

गृह मन्त्रालयले दाहालको सुरक्षार्थ टोलीमा कटौती गरेपछि पूर्व लडाकू र वाईसीएल खटिएको माओवादी नेता रामप्रसाद सापकोटाले जानकारी दिए । 'सरकारले विस्तृत शान्ति सम्झौताको मर्मविपरीत अध्यक्षको सुरक्षाकर्मी फिर्ता गरेपछि पूर्व जनमुक्ति सेना, वाईसीएल सदस्यको व्यवस्था भएको छ,' सापकोटाले भने, 'अध्यक्षको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सरकारले विशेष सुरक्षाकर्मी खटाएको थियो ।' तत्कालीन सरकारले माओवादी शान्ति प्रक्रियामा आएपछि सुरक्षा 'थ्रेट' उच्च रहेको भन्दै विशेष व्यवस्था गरेको थियो । त्यसयता दाहालको सुरक्षार्थ नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन हुँदै आएका थिए । हाल दाहालको सुरक्षामा पछुवा गाडीसहित पूर्वलडाकु खटिएका छन् । सेना समायोजन भएपछि पूर्व लडाकुहरुले स्वेच्छिक अवकाश लिएका थिए । 'त्यसमध्येबाट छनोट गरी अध्यक्षको सुरक्षामा खटाइएको छ,' सापकोटाले भने ।

गृह मन्त्रालयले मापदण्डभन्दा बढी सुरक्षाकर्मी लगेको भन्दै दाहाल र एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका लागि खटिएका सुरक्षाकर्मी बिहीबार फिर्ता गरेको थियो ।

दाहालका ३४ सुरक्षाकर्मी फिर्ता भएका छन् । उनको सुरक्षामा ५२ सुरक्षाकर्मी खटिँदै आएका थिए । अब दाहालसँग १८ सुरक्षाकर्मी रहेका छन्

# प्रधानमन्त्री र मैले गोली चलाउने आदेश दिएका थिएनौँ : लेखक

झापा(प्रस) । निवर्तमान गृहमन्त्री रमेश लेखकले गत भदौ २३ गते भएको जेनजी आन्दोलनका क्रममा आफूले सुरक्षा निकायले गोली चलाउन आदेश नदिएको बताएका छन् ।

कांग्रेस नेता लेखकले पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको कांग्रेसको पदाधिकारी र पूर्वपदाधिकारी बैठकपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै आन्दोलनकारीमाथि गोली चलाउन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र आफूले आदेश नदिएको बताएका हुन् ।

'दुःखद घटना भएपछि भदौ २३ गते गृहमन्त्री पदबाट मैले राजीनामा गरेको थिए । आन्दोलनका क्रममा बल प्रयोग गर्ने विषयमा प्रधानमन्त्री र गृहमन्त्रीले आदेश गरेको भन्ने विषय उठेका छन्,' लेखकले भने, 'यसमा प्रधानमन्त्रीज्यू र मबाट गोली प्रहारको कुनै आदेश भएको छैन ।' उनले मुलुकको संविधान र कानुन बमोजिम आ-आफ्नो काम सबैले गर्दै लोकतान्त्रिक मूल्य मान्यतालाई जोगाउनुपर्ने बताए ।

जेनजी आन्दोलनका क्रममा घुसपैठ भएर अप्रत्याशित घटना भएको बताए । 'जेनजीहरूले राम्रा माग राखेर आन्दोलन गर्नुभएको थियो । तर, घुसपैठ भएर अप्रत्याशित घटना भए । नहुनुपर्ने घटना भए,' लेखकले भने ।

उनले देश कानुन र संविधान बमोजिम चल्नुपर्ने बताए । लोकतान्त्रिक पद्धतिको रक्षाका निमित्त सहकार्य, संवाद र सहमतिबाट जेनजीका मागलाई समेटेर अगाडि बढ्नुपर्ने बताए ।

# दमकको पशुहाटमा एकजनाको शंकास्पद मृत्यु

झापा(प्रस) ।झापा दमक पशुहाटको नालीभित्र मानिसको शव फेला परेको छ । दमक -७ पशुहाटस्थित टिनको छानो भएको पशु राख्ने टहरामा गाईवस्तुले पानी खाने नालीभित्र शव फेला परेको हो । अन्दाजी ५०-५५ बर्षका मृतक पुरुषको पहिचान हुन सकेको छैन । इलाका प्रहरी कार्यालय दमकबाट टोली घटनास्थल गई थप अनुसन्धान तथा कानुनी प्रकृया भइरहेको छ । मृतकको दाहिनेपट्टीको गालामा धारिलो हतियार प्रहार भएको जस्तो देखिएको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# झापामा विशेष महाधिवेशनका पक्षमा ३० प्रतिशत प्रतिनिधिको हस्ताक्षर

झापा(प्रस) । विशेष महाधिवेशनको माग राखेर हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरुको संख्या झापामा ३० प्रतिशत पुगेको छ ।

आइतवारदेखि नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक केन्द्रय कार्यालय सानेपामा हुँदैछ । समाचार स्रोतले दिएको जानकारी अनुसार शुक्रवारसम्मको तथ्याङ्क अनुसार झापाका कूल १३५ महाधिवेशन प्रतिनिधि मध्ये ४८ जनाले हस्ताक्षर गरेका छन् ।

झापामा नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला र वर्तमान महामन्त्री विश्वप्रकाश शर्माको आ- आफ्नै प्यानलले १४ औं महाधिवेशनमा प्रतिष्पर्धा गरेका थिए भने केही क्षेत्र र गाउँ,नगर समिति बाहेक सिङ्गो जिल्ला समितिमा सिटौला पक्षीय उम्मेद्वारहरुको वर्चस्वसहित विजय हासिल भएको थियो ।

महामन्त्री विश्वप्रकाश शर्माले भिडियो सन्देश जारी गर्दै असोज २४ भित्र विशेष महाधिवेशनका लागि सबैले हस्ताक्षर गर्न महाधिवेशन प्रतिनिधिहरुलाई आह्वान गरेका थिए । शर्माको आह्वान अनुसार ३० प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेका छन् भने ७० प्रतिशत महाधिवेशन प्रतिनिधि सिटौलाको पक्षमा उभिएका छन् ।

झापा क्षेत्र नम्वर १ बाट १३ जना , २ वाट ६ जना, ३ बाट ५ जना, ४ बाट ६ जना र झापा क्षेत्र नम्वर ५ बाट १८ जना महाधिवेशन प्रीतनिधि शर्माको पक्षमा उभिएका हुन् ।

झापा क्षेत्र नम्वर १ बाट महाधिवेशन प्रतिनिधिहरु प्रेम सम्वाहाम्फे, राम कट्टेल, तारावीर कटुवाल,लोकराज ढकाल, दुर्गादेवी खतिवडा, चन्द्रकला भट्टराई, टिका सुवेदी बराल, सुशीला रिजाल, कालु मेचे, खड्गवहादुर धिमाल, गौतम मजुमदार विकी र इन्द्र वुढाथोकीले हस्ताक्षर गरेका छन् । हस्ताक्षर गर्नेमध्ये डम्वरकुमारी थापा र शोभा श्रेष्ठ नेम्वाङले हस्ताक्षर फिर्ता गरेको विज्ञप्ति प्रकाशित गरेका छन् ।




त्यस्तै झापा क्षेत्र नम्वर २ मा महाधिवेशन प्रतिनिधि उमा शिवाकोटी, अनुज खड्का, भूमा घिमिरे, पुण्य ओझा, टिका प्रसाई र दिपेन्द्र ढकालले हस्ताक्षर गरेका छन् ।

त्यस्तै झापा क्षेत्र नम्वर ३ बाट मनोज सुब्बा, शीला तामाङ, कृष्ण प्रसाई, वडाराम हेमरम र तारा बाराकोटीले हस्ताक्षर गरेका छन् । हस्ताक्षर गरेकामध्ये भक्त परियारले हस्ताक्षर फिर्ता लिएका छन् । उनले विशेष महाधिवेशन नभई नियमित महाधिवेशन हुनु पर्ने आफ्नो मतसहित हस्ताक्षर फिर्ता लिएका हुन् ।

झापा क्षेत्र नम्वर ४ बाट उत्तम चम्लागाई, कविता वस्नेत, सीताराम भट्टराई, भीम राजवंशी, खड्ग कार्की र शान्ता वस्नेतले हस्ताक्षर गरेका हुन् ।

झापा क्षेत्र नम्वर ५ बाट ढुण्डी भण्डारी, राजन ढुङ्गाना, सत्यनारायण चौधरी, अमर बराइली, मेदनी सिटौला, टिकाराम सापकोटा, लक्ष्मी वाराकोटी, नेत्रप्रसाद बुढाथोकी, चन्द्रकुमारी खड्का, हुकुमसिंह राई, हेमन्त कार्की, भूपाल कटुवाल, आइन्द्र विक्रम केरुङ, भूमिराज राई, निरज अग्रवाल, सुरेश सुब्बा र रोहित शाहले हस्ताक्षर गरेका छन् ।

नेपाली कांग्रेसको विधान अनुसार आगामी मंसीरमा १४ औं अधिवेशनबाट निर्वाचित सबै पदाधिकारीहरुको समायवधि समाप्त हुँदैछ । कार्यकाल समाप्तिको अन्तिम क्षणमा विशेष महाधिवेशनको औचित्य नहुने भन्दै झापाका ७० प्रतिशत महाधिवेशन प्रतिनिधिहरु नियमित अधिवेशनको पक्षमा उभिएका हुन् ।

विशेष महाधिवेशन ४० प्रतिशत प्रतिनिधिहरुको हस्ताक्षरबाट माग गर्न सकिन्छ । तर, सभापतिलाई हटाएर त्यसलाई पारित गर्न दुई तिहाई वहुमत आवश्यक पर्दछ । केन्द्रीय समितिको वैठक बस्नुपूर्व यस्तो हस्ताक्षर संकलनले पार्टी संगठनभित्र विभाजनको रेखा कोर्ने भएकाले अधिकांश महाधिवेशन प्रतिनिधिहरुले नियमित अधिवेशनमा जान जोड गर्दै हस्ताक्षर गर्न नमानेको बताइएको छ ।

यता विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियानका सक्रिय रहनु भएकी महाधिवेशन प्रतिनिधि उमा शिवाकोटीले शनिवारसम्म हस्ताक्षर गर्ने समय भएको र अन्तिम समयसम्ममा ८० जना भन्दा धेरैले हस्ताक्षर गर्ने बताएकी छिन् । शिवाकोटीले अधिकांश महाधिवेशन प्रनिनिधि पार्टी सदृढिकरण र रुपान्तरणको पक्षमा देखिएको बताएकी छिन् । जेन-जी आन्दोलनपश्चात् बदलिएको विशेष राष्ट्रिय राजनीतिक परिस्थितिमा कांग्रेसलाई बदलेर नयाँ कांग्रेस बनाउनका लागि समसामयिक परिस्थिति, नीति र नेतृत्व लगायतका विषयमा विशेष निर्णय गर्न अपरिहार्य भएको उनको भनाई छ ।

'हस्ताक्षर अभियानमा सहभागिता जनाउन कतिपय साथीहरुले फारम लानु भएको छ , कतिपयले ह्वाटसएपबाट पठाई रहनु भएको छ । क्षेत्रगत रुपमा कति जनाले हस्ताक्षर गर्नुहुन्छ त्यो भोलिसम्ममा मात्रै टुङ्गो लाग्छ' शिवाकोटीले भनिन् ।

## नचोखिदै...

बैठकमा आसन्न विस्तारित बैठकको एजेन्डा तथा व्यवस्था र विपद व्यवस्थामा पार्टीको सक्रियता तथा आगामी अभियानबारे छलफल भएको नेताहरूले बताएका छन्। रास्वपाले आगामी कार्तिक १४ र १५ गते पार्टीको केन्द्रीय विस्तारित बैठक बोलाएको छ। उक्त बैठकले प्रथम राष्ट्रिय महाधिवेशनको विषयमा छलफल गर्नेछ।

परिस्थिति सामान्य हुँदै गएपछि अन्य साना दलहरू पनि जुर्मुराउन थालेका छन्। राप्रपा, जसपा, जसपा नेपा, एकीकृत समाजवादीलगायतका दलहरू पनि निरन्तर पार्टी भेला तथा बैठकहरूमा नै व्यस्त छन्।

जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा कसरी पुनरागमन गर्ने भन्नेतर्फ नै उनीहरूको पनि ध्यान केन्द्रित भएको देखिन्छ। यही क्रममा पछिल्लो पटक उदाएका मधेशकेन्द्रित दुई दल त विभाजन पनि भएका छन्।

सिके राउत नेतृत्वको जनमत पार्टी र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा) दुई चिरा भएका हुन्। जनमतबाट उपाध्यक्ष अब्दुल खानसहितका नेताहरू बाहिरिएका हुन् भने उनीहरू नयाँ पार्टी गठनको तयारीमा छन्। यस्तै नाउपाका संरक्षक रहेका रेशम चौधरीले नागरिक उन्मुक्ति नेपाल घोषणा गरिसकेका छन्।


## हुलाक सेवालाई प्रवर्धन गरौं ।

- सूचना तथा सन्देश पुर्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।
- सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुर्याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत हुलाक सेवा लिन सकिन्छ,

नेपाल सरकार
विज्ञापन बोर्ड




कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१


## शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड झापा

### १३ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८२ असोज २४

संस्थाको विनियम २०६९ पुनर्लेखन विनियम २०७९ को परिच्छेद छ दफा ३४ (१) र २ बमोजिम ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १ र सञ्चालक सदस्य ६ जना गरी ९ जना सञ्चालक समिति र सोही विनियमको दफा ३७ को (१) बमोजिम लेखा सुपरीवेक्षण समिति संयोजक १ र सदस्य २ गरी ३ जनाको निर्वाचन स्वच्छ, पारदर्शी, विवादरहित, निष्पक्ष र प्रजातान्त्रिक तवरबाट सम्पन्न गर्न निम्न अनुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निर्वाचन कार्यक्रम**

| क्र सं | निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८२/८/१ | १० बजेदेखि ११ बजेसम्म | संस्थाको कार्यालय |
| २ | मतदाता नामावली सच्याउने र थप गर्ने | २०८२/८/१ | १२ बजेदेखि १ बजेसम्म | |
| ३ | मतदाता नामावली उपर दावी विरोध | २०८२/८/१ | १ बजेदेखि २.३० सम्म | |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८२/८/१ | ३ बजेदेखि ३.३० सम्म | |
| ५ | उमेद्वारको मनोनयन दर्ता | २०८२/८/२ | १० बजेदेखि १२ बजेसम्म | |
| ६ | उमेद्वारको नामावली प्रकाशन | २०८२/८/२ | १२ बजेदेखि १२.३० बजेसम्म | |
| ७ | उमेद्वार उपर दावी विरोध | २०८२/८/२ | १२.३० देखि २०८२/८/३ गते ११ बजेसम्म | |
| ८ | दावी विरोधपछि पुनः नामावली प्रकाशन | २०८२/८/३ | ११.३० देखि १२ बजेसम्म | |
| ९ | उमेद्वार मनोनयन फिर्ता | २०८२/८/३ | १२ बजेदेखि १ बजेसम्म । | |
| १० | अन्तिम नामावली प्रकाशन | २०८२/८/३ | १ बजेदेखि १.३० बजेसम्म | |
| ११ | मतदान | २०८२/८/४ | १२ बजेदेखि ५ बजेसम्म | |
| १२ | मतगणना | मतदान सम्पन्न भएपछि | | |
| १३ | परिणाम घोषणा | मतगणना समाप्त भएपछि | | |

निर्वाचन समिति

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दलहरु खतरा ननिम्त्याऊ

राजनीतिक आन्दोलन देखेको पुस्ता हो त्यो । राजनीतिक आन्दोलन सङ्गठित हुन्छ । एउटा निश्चित पार्टीको दर्शन, दर्शन अनुसार राजनीतिक एजेन्डाहरू हुन्छन् । तर यस्तो असङ्गठित विद्रोह पुराना दलहरूले गरेको भ्रष्टाचार, उनीहरूले गरेको मनोमानी, लोकतान्त्रिक संस्थामाथिको आक्रमण विरुद्धमा हुन्छ । यस्ता असङ्गठित शक्तिले सत्ता पल्टाउनका लागि फलानो मान्छे प्रधानमन्त्री हुने, यसले सरकार बनाउने निश्चित उद्देश्य त हुँदैन । त्यसले पुरानो सत्तालाई विस्थापित मात्र गर्छ । एउटा संक्रमणकालभर नागरिक सरकार बन्छ । त्यस्तो सरकार चुनावी प्रयोजनका लागि हुन्छ ।

अहिलेको जेनजी आन्दोलनमा अन्य अराजनीतिक तत्वहरू पनि घुसे होलान् । जुन खालका आगजनी भएका छन्, व्यक्तिगत सम्पत्तिमाथि तोडफोड भएको छ । यस्तो आन्दोलनका क्रममा नापतौल लिएजस्तो हुँदैन । त्यसमा राजनीतिक दलहरूलाई के लागिरहेको छ भने षड्यन्त्रमा माहिर छन् यिनीहरू । यिनीहरूको भाष्य कुनै षड्यन्त्रले हामीलाई विस्थापित गराए भन्ने हुन्छ ।

त्यसले गर्दा अहिले भएका परिवर्तनलाई सहजरूपमा स्वीकारेर, हाम्रै कारणले यी सबै भएको भनेर आफ्नो पार्टीलाई रिफर्म गर्ने, पार्टीबाट पुराना पुस्ता बिदा हुने, चाँडो पार्टीको अधिवेशन बोलाएर नेतृत्व हस्तान्तरण गर्न त कहाँ हो कहाँ, उनीहरूले आन्दोलनलाई नै दुत्कारेर आफ्नो विरुद्ध भएको षड्यन्त्रको रूपमा बुझ्ने पुरानै रोग हो । त्यसबाट हामीले मुक्त गर्न सक्दैनौं । जनताले नै निर्वाचनमार्फत सजाय दिने हो ।

पूर्वपञ्चहरुले आफ्नो हार स्वीकार गरेका थिए । तर यिनीहरूले आफ्नो पराजय स्वीकार गरेकै छैनन् । उनीहरूले निर्वाचनका सम्पूर्ण अवयवहरु कब्जा गरेर पार्टीको संयन्त्रलाई राज्य संयन्त्रमा बदलेको होइन र ? यिनीहरूलाई सडकबाट हटाउनुपर्ने कारण नर्मल कोर्सबाट गएको त होइन । अझै पनि हामीलाई षड्यन्त्र गरेर हटाए भन्ने नै यिनीहरूको दिल दिमागमा छ ।

अझै दलहरूको यस्तै रबैया यस्तै हो भने यो संविधान पूरै च्यातचुत हुन्छ । अहिले त शून्य मात्र छ । त्यहाँसम्म पुग्नु अगाडि नै चुनावबाट पूरै सडक र राजनीतिक दलहरूको नयाँ म्यान्डेटलाई अनुमोदन गर्नुपर्छ । अहिले राजनीतिक दलहरू भ्यालिड छैनन् । विघटित संसदको आकार हेरेर म ठुलो दल र तँ सानो दल भन्ने होइन । संसद् पुनर्स्थापना गर्न खोज्नु भयंकर गलत कुरा हो । अब नयाँ र फ्रेस म्यान्डेटमा जाने हो । कुन पार्टी आउँछन् ? कुन–कुन पार्टी दर्ता हुन्छन् ? कसले बहुमत ल्याउँछ ? कसलाई के थाहा छ अहिले ?




# चुनौतीका चाङबीच फागुन २१ मा कसरी गर्ने चुनाव?



• रमेश अधिकारी

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले कुल १८० दिन समय पाएको छ र घट्दो क्रममा छ।समयको यो सीमाभित्र सरकारले भ्रष्टाचारको ठोस छानबिन गर्नुपर्ने छ। आन्दोलनका घटनाहरूको निष्पक्ष अनुसन्धान गर्नपर्ने छ। यस अवधिको अन्त्यमा फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउनुपर्ने छ।

व्यावहारिक रूपमा यी जिम्मेवारी पूरा गर्ने समयको उच्च चाप र जोखिम छ। आन्दोलनले देशमा राजनीतिक अस्थिरता सिर्जना गरेको छ, आर्थिक र सामाजिक संकट पनि गहिरो बनाएको छ।

यस परिस्थितिले अन्तरिम सरकारले अपेक्षित नतिजा हासिल गर्न नसक्ने खतरा छ।

सामान्य परिस्थितिमा नेपालको निर्वाचन आयोगले संघीय निर्वाचन तयारीका लागि चार महिना समय माग्ने गरेको छ। अहिलेको अवस्था असामान्य हो। आन्दोलन क्रममा सरकारी संरचनामा ठूलो क्षति पुगेको छ।

यस्तो पृष्ठभूमिमा निर्धारित मितिमा निर्वाचन गराउने वाचा पूरा हुन गाह्रो छ।

निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अर्को एक आयुक्तको स्थान रिक्त छ। हालको संविधानमा संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले ती स्थानमा नियुक्त गर्ने प्रावधान छ।

यसो गर्न कानुनी बाधा देखिन्छ। बाधा पन्छाउन अध्यादेश चाहिन्छ। हालका तीन जना आयुक्तहरूको निरन्तरतामा पनि प्रश्न उठेको छ।

मौजुदा निर्वाचन ऐनमा निर्वाचन मिति घोषणा भएपछि नयाँ मतदाताको नाम दर्ता गर्न पाउने प्रावधान छैन। यसले आन्दोलनकारी जेन-जी पुस्ताका धेरै मतदातालाई समेट्दैन, युवा मतदाताको सहभागिता सीमित बनाउँछ।

यसो हुँदा निर्वाचनको वैधतामा प्रश्न उठ्न सक्छ।

आफू मतदाता नरहेको ठाउँमा खटेका सरकारी कर्मचारीले समानुपातिकतर्फ मात्र मतदान गर्न पाउने प्रावधान छ। विदेशमा रहेका मतदाताहरूको हकमा सर्वोच्च अदालतले बसोबास स्थानबाट मतदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ तर कार्यान्वयनमा कुनै प्रगति भएको छैन। यस्तो अवस्थामा धेरै मतदाता मतदानबाट वञ्चित भएको र समावेशी हुन नसकेको भन्ने प्रश्न उठ्न सक्छ। २०७९ सालमा भएको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सुरक्षा निकायको खर्चबाहेक करिब सवा पाँच अर्ब रूपैयाँ लागेको थियो। अहिले देशको आर्थिक अवस्था निकै जर्जर छ। सुरक्षासहित निर्वाचनको कुल खर्च व्यवस्थापन गर्न सजिलो छैन।

हालसम्मको अनुभव अनुसार विचार गर्दा मतदाता सूचीसहित यो निर्वाचन तयारीको 'ब्लु प्रिन्ट' तयार गर्न चार महिना लाग्छ।

गत निर्वाचनमा १० हजार ८९२ मतदान स्थल र २२ हजार २२७ मतदान केन्द्र थिए। आउने निर्वाचनमा यो संख्या बढाउनुपर्ने हुन सक्छ। यसले काम र खर्च दुवै बढाउँछ।

नेपालमा मतदाता शिक्षा कमजोर छ। परिणाम स्वरूप असामान्य दरमा मत बदर हुने गरेको छ। यो दर घटाउन देशभर समुदायमा आधारित मतदाता शिक्षा आवश्यक पर्छ।

विगतका निर्वाचनमा मतदाता शिक्षा कार्यक्रमको जिम्मा दाताहरूले लिने गरेका थिए। हालको परिस्थितिमा समय अभाव समेतका कारण दाताहरूको सहयोग पाउन पनि कठिन छ।

राजनीतिक दलहरूले पालना गर्नुपर्ने निर्वाचन आचारसंहिता अर्को महत्त्वपूर्ण पाटो हो। यसमा अहिलेको परिवर्तनमा बेखुस दलहरू सहयोगी नहुन सक्छन्।

शान्तिपूर्ण निर्वाचनका लागि बलियो सुरक्षा व्यवस्था आवश्यक पर्छ। देशभरका अधिकांश प्रहरी कार्यालय जलेका छन्, तिनका गाडी जलेका छन्। ठूलो संख्यामा सरकारी गाडी जलेका छन्। प्रहरी कर्मचारीको मनोबल घटेको छ। यस परिस्थितिमा सुरक्षा व्यवस्था निकै चुनौतीपूर्ण हुन सक्छ।

निर्वाचनको प्राविधिक काम; राजनीतिक सहमति; स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र समावेशी निर्वाचन निकै महत्त्वपूर्ण पाटो हो। राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षक पनि सन्तुष्ट भएको हुनुपर्छ।

यी सबै कठिनाइ पार गरेर जननिर्वाचित प्रतिनिधिहरूलाई सत्ता हस्तान्तरण भएको हुनुपर्ने छ।

**चुनौतीको चाङ**

निर्वाचन आयोगको वर्तमान क्षमता र पूर्वाधार विचार गर्दा आउने फागुन २१ गतेसम्मको समय अपर्याप्त देखिन्छ।

२०७९ सालको संघीय, प्रदेश र स्थानीय तह निर्वाचनमा एक करोड १० लाखभन्दा बढी मतदाता सहभागी थिए तैपनि सबै मतदाता नसमेटिएको भन्ने गुनासो आएको थियो।

'अन्तर्राष्ट्रिय फाउन्डेसन फर इलेक्टोरल सिस्टम्स' को वार्षिक प्रतिवेदन अनुसार २०७९ सालको निर्वाचनमा मतदाता शिक्षा, विवाद समाधान र लजिस्टिक्स व्यवस्थापनमा निर्वाचन आयोगले गम्भीर चुनौतीहरू सामना गर्नुपरेको थियो।

भौतिक संरचना क्षतविक्षत भएको यो विषम परिस्थितिमा मतदाता सूची अद्यावधिक गर्न र मतदान स्थल व्यवस्थापन गर्न सजिलो छैन।

एसियन नेटवर्क फर फ्री इलेक्सन्सको मूल्यांकन अनुसार २०७९ सालको निर्वाचन शान्तिपूर्ण भए पनि प्राविधिक र मानवीय स्रोतको अभाव देखिएको थियो।

आगामी निर्वाचनको समयसीमाले निर्वाचन आयोगलाई चर्को दबाबमा पार्नेछ। अन्ततः निर्वाचनको विश्वसनीयतामा प्रश्न उठ्न सक्छ वा त्यसअघि नै स्थगन हुन पनि सक्छ।

निर्वाचनको सफलता राजनीतिक दलहरूको सहयोगमा भर पर्छ। प्रधानमन्त्री पदमा सुशीला कार्कीको नियुक्तिलाई नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले पूर्ण रूपमा स्वीकार गरेको देखिएको छैन।

शपथ ग्रहण समारोहमा पूर्वप्रधानमन्त्रीहरूमध्ये बाबुराम भट्टराईबाहेक अन्यको अनुपस्थितिले असन्तुष्टिको संकेत गरेको छ। पुराना भनिएका दलहरूले आफ्नो प्रभाव घट्न नदिन निर्वाचन प्रक्रिया लम्ब्याउन सक्छन्। यसो भएमा यो सरकारको बाटो असहज हुनेछ।

दलहरू सहमत नभए निर्वाचन आचारसंहिता तयारी र उम्मेदवारी दर्ता प्रक्रियामा ढिलाइ हुन्छ जसले समग्र प्रक्रिया अल्झाउँछ। फलस्वरूप निर्वाचन नै धराशायी हुन सक्छ।

बजेट अभाव र दातृ निकायको सहयोग कम हुँदा पुनर्निर्माण र छानबिन प्रक्रिया अलमलमा पर्न सक्छ।

नेपाललाई आउने वैदेशिक सहायता घट्दै गएको छ। ग्लोबल पोलिसी फोरम (ओइसिडी) ले सन् २०२५ जुनमा सार्वजनिक गरेको प्रतिवेदन अनुसार सन् २०२४ मा नेपालमा आधिकारिक विकास सहायता ७.१ प्रतिशत घटेको थियो। सन् २०२५ मा ९ देखि १७ प्रतिशतसम्म घट्न सक्छ।

यो कमीले नेपाललाई असर गर्नेछ। हालको भौतिक क्षतिमा पुनर्निर्माणका लागि दस करोड डलरभन्दा बढी खर्च हुन सक्छ। अमेरिकाको नीति परिवर्तनले आर्थिक सहायता ८० प्रतिशतसम्म घटेको छ। यसले नेपालको संक्रमणकालमा असर पुऱ्याउँछ।

भ्रष्टाचार छानबिन गर्न बन्ने आयोगको काम पनि ढिलो हुन सक्छ। यस्तो आयोगलाई उच्चस्तरीय अनुसन्धानका लागि अन्तर्राष्ट्रिय विशेषज्ञ र प्राविधिक सहयोग चाहिन्छ। यसनिमित्त निकै ठूलो रकम आवश्यक पर्नेछ।

यो अन्तरिम सरकारसँग जनअपेक्षा निकै धेरै छ। प्रधानमन्त्री कार्कीसँग पनि उत्तिकै अपेक्षा छ। सरकारले चाहँदा चाहँदै पनि विभिन्न कारणले जनअपेक्षा पूरा हुन नसकेको अवस्थामा अर्को आन्दोलन हुन सक्छ। राजनीतिक अस्थिरता झन् बढ्न सक्छ।

यसो भयो भने नेपालको जिडिपी (कुल गार्हस्थ्य उत्पादन) मा पनि असर पर्नेछ। विश्व बैंकले सन् २०२५ अप्रिलमा गरेको अनुमान अनुसार नेपालको जिडिपी ४.५ प्रतिशतले बढ्ने छ। एसियली विकास बैंकले ४.४ प्रतिशत वृद्धिको अनुमान गरेको छ। राजनीतिक अस्थिरताले वृद्धिदर ३ प्रतिशतभन्दा तल झार्न पनि सक्छ।

**अब गर्नुपर्ने काम**

निर्वाचनमा मात्र केन्द्रित भएर हेर्ने हो भने वर्तमान अन्तरिम सरकारले आगामी फागुन २१ मा निर्वाचन सम्पन्न गर्न तत्काल केही रणनीतिक कदम चाल्न आवश्यक छ।

१. सबैभन्दा पहिला निर्वाचन आयोगको रिक्त पदमा नियुक्ति गर्नुपर्छ। स्वतन्त्र युवा व्यक्ति नियुक्त गर्नु उचित हुनेछ। निर्वाचन आयोगलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय दाताबाट प्राविधिक सहयोग र तालिम दिलाउनुपर्छ।

२. मतदाता नामावली अद्यावधिक गर्न अध्यादेशमार्फत अविलम्ब निर्वाचन ऐन संशोधन गर्नुपर्छ। निर्वाचन मिति घोषणाको ४५ दिनसम्म नयाँ मतदाता दर्ता गर्ने व्यवस्था गर्नुपर्छ। यसो गर्दा मतदानमा जेन-जी युवाको सहभागिता बढ्नेछ। सरकारी कर्मचारीले प्रत्यक्ष निर्वाचन (पहिलो हुने निर्वाचित हुने) प्रणालीमा पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्छ।

३. आवश्यकता अनुसार निर्वाचन आयोग र सुरक्षा निकायहरूलाई चरणबद्ध रूपमा रकम निकासा गर्नुपर्छ। फटाफट काम अघि बढाउन रकम अभाव नहुने प्रबन्ध मिलाउनुपर्छ। वित्तीय पारदर्शिता पनि सुनिश्चित गर्नुपर्छ।

४. डिजिटल प्लेटफर्ममार्फत मतदाता सूची अद्यावधिक गर्ने प्रबन्ध गर्नुपर्छ। यसो गर्दा कम समयमा काम हुनेछ। यसबाट मतदानमा जेन-जी युवाको सहभागिता बढ्नेछ। यो काम विश्वसनीय बनाउन साइबर सुरक्षामा विशेष ध्यान दिनुपर्छ।

५. नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरेर देशव्यापी रूपमा मतदाता शिक्षा अभियान चलाउनुपर्छ। यस अभियानमा जेन-जी युवालाई सहभागी गराउन सकिन्छ। यसमा रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत डिजिटल माध्यम प्रयोग गर्नुपर्छ।

६. निर्वाचन आचारसंहिता बनाउन राजनीतिक दलहरूसँग छलफल चलाउनुपर्छ। आचारसंहिता पालना सुनिश्चित गर्न संयुक्त कमिटी बनाउनुपर्छ। दलहरूसँग सहकार्य नभई निर्वाचन प्रक्रिया विश्वसनीय बनाउन सकिँदैन।

७. निर्वाचन विश्वसनीय र सफल बनाउन सुरक्षा व्यवस्था बलियो हुनुपर्छ। सुरक्षाकर्मीको मनोबल बढाउन स्रोतसाधन बढाउनुपर्छ, तालिम र मनोवैज्ञानिक परामर्श दिनुपर्छ।

८. निर्वाचन प्रक्रियाको पारदर्शिता र विश्वसनीयताका निम्ति आन्तरिक र बाह्य पर्यवेक्षण अपरिहार्य हुन्छ। यसमा अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग लिनुपर्छ। वर्तमान अवस्थामा नागरिक स्वयंसेवक तयार गरेर पनि पर्यवेक्षकका रूपमा परिचालन गर्न सकिन्छ।

९. मतगणना र परिणाम घोषणा पारदर्शी र विश्वसनीय बनाउन इ-भोटिङ प्रणाली अपाउन सकिन्छ।

**अन्तर्राष्ट्रिय उदाहरण र पाठ**

नेपालको अवस्थासँग मिल्दोजुल्दो विदेशी उदाहरणहरूबाट केही सिक्न सकिन्छ।

सन् २०२४ अगस्टमा बंगलादेशमा भएको राजनीतिक परिवर्तन नेपालको वर्तमान अवस्थासँग मिल्दोजुल्दो छ।

शेख हसिनाको अविच्छिन्न शासन अन्त्यपछि मुहम्मद युनुसको नेतृत्वमा गठित अन्तरिम सरकारले सय दिनभित्र सुधारको एजेन्डा स्पष्ट पारेको छ। यसमा चुनाव र संविधान सुधारको विषय समावेश छ।

युनुस सरकारले भ्रष्टाचार छानबिनका लागि स्वतन्त्र आयोग गठन गरी पूर्वशासकहरूको सम्पत्ति जफत गरेको छ। नागरिक समाजसँगको सहकार्यमा चुनावी प्रक्रिया निष्पक्ष बनाउन निर्वाचन आयोगको पुनर्संरचना थालेको छ।

बंगलादेशले युवा आन्दोलन (स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन) बाट सुरू भएको परिवर्तनपछि छोटो समयमा निर्वाचनको कार्ययोजना तयार पारेको हो।

बंगलादेशको यस्तो कदम नेपालका लागि महत्वपूर्ण छ।

अन्तरिम सरकारका प्रमुख युनुसले गत अगस्ट ५ मा निर्वाचन हुने घोषणा गरेका थिए तर राजनीतिक दबाबका कारण दलहरूको सहमतिमा सन् २०२६ फेब्रुअरीमा हुने गरी सारिएको छ।

नेपालले बंगलादेशबाट नागरिक समाजको भूमिकाको कुरा पनि सिक्न सक्छ। त्यहाँ स्टुडेन्ट्स युनियनले निर्वाचन पर्यवेक्षणको तयारी गरेको छ। नेपालमा जेन-जी युवाहरूको 'स्वतन्त्र पर्यवेक्षक नेटवर्क' बनाएर सहयोग लिन सकिन्छ।

बंगलादेशले राष्ट्र संघ र युरोपेली युनियनसहित विकास साझेदारहरूबाट प्राविधिक सहायता लिएर निर्वाचन आयोगको क्षमता अभिवृद्धि गरेको छ। नेपालले पनि यसो गर्न सक्छ।

बंगलादेशी सरकार राजनीतिक सहमति पनि बलियो बनाउँदै अघि बढेको छ।

उत्तर अफ्रिकी मुलुक ट्यूनिसियामा युवा नेतृत्व थियो। सन् २०११ को 'अरब स्प्रिङ' पछि अन्तरिम सरकार गठन भयो, सन् २०१४ मा निर्वाचन भयो। यसमा नागरिक समाज (क्वार्टेट) को भूमिका निकै महत्त्वपूर्ण थियो जसले नोबेल शान्ति पुरस्कार पायो।

भ्रष्टाचार छानबिनका लागि आयोग गठन भयो, पूर्वशासकहरूको सम्पत्ति जफत भयो।

यति गर्दा पनि ट्यूनिसियामा आर्थिक सुधार हुन सकेको छैन। बेरोजगारी १५ प्रतिशतभन्दा बढी छ।

ट्यूनिसयाको अवस्थाबाट नेपालले राजनीतिक सहमतिको महत्त्व थाहा पाउन र सिक्न सक्छ।

**निष्कर्ष**

प्रधानमन्त्री सुशीला कार्कीको सरकारले आशा जगाएको छ तर वर्तमानका जटिलताहरू समाधान गर्दै र बाधा फुकाउँदै देशको राजनीतिक भविष्य सुनिश्चित गर्न कति सफलता हासिल हुन्छ भन्ने कुरा अहिले नै अनुमान गर्न सकिँदैन।

अहिलेको जेन-जी विद्रोह र विगतका अन्दोलन तथा घटनाहरू विश्लेषण गर्दै सरकार कति सुझबुझले अघि बढ्छ भन्ने कुराले पनि भविष्यको दिशा निर्देश गर्नेछ।

यो विषम परिस्थितिमा ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन गराउन सहज छैन। सरकार मात्र होइन, सिंगो नेपाल र हामी नेपाली कठिन परीक्षाको घडीमा छौं। हामीलाई गौरवशाली इतिहास बनाउने अवसर छ।

आशा गरौं, काबिल र हक्की न्यायमूर्ति सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार सफल हुनेछ, नेपाल सफल हुनेछ, नेपाली सफल हुनेछौं। नेपाल समावेशी संरचना, समृद्ध मुलुक र स्थिर भविष्यको दिशामा अघि बढ्ने छ।

# परिवर्तनका संवाहक युवा



• गेहनाथ गौतम

नेपालमा राष्ट्रिय युवा परिषद्को स्थापना राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार सोही वर्ष फागुनमा भएको थियो । युवा तथा खेलकुद मन्त्री अध्यक्ष रहने यस परिषद्मा नेपाल सकारबाट मनोनीत एक जना कार्यकारी उपाध्यक्ष रहने र योजना आयोगसहित विभिन्न आठ मन्त्रालयका सचिव तथा अध्यक्षबाट मनोनीत २५ जना विभिन्न क्षेत्रका युवा सदस्य र परिषद्को वरिष्ठतम कर्मचारी सदस्य सचिव रहने व्यवस्था छ । 'नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने' दूरदृष्टि परिषद्ले लिएको छ । नेपाल सरकारले स्वीकृत गरेका युवालक्षित कार्यक्रमको संघीय, प्रदेश र स्थानीय तहमा कार्यान्वयन तथा सोको लागि सहजीकरण गर्नुका साथै अन्य सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित युवालक्षित कार्यक्रमको समन्वय, सहकार्य र सहजीकरण गर्ने काम परिषद्ले गर्दै आएको छ ।

स्वस्थ, कर्मठ र उद्यमी युवा, अधिकार र कर्तव्यप्रति सचेत युवा, समावेशी र सशक्त युवा र नेतृत्वदायी र स्वावलम्बी युवा भन्ने मान्यतालाई परिषद्ले आत्मसात् गरेको छ । यी मान्यताको व्यावहारिक रूपान्तरणका लागि युवा वर्गको नेतृत्व विकास गरी राज्यका फरक फरक तह र क्षेत्रका नीतिनिर्माण तहसम्म वस्तुवादी सोचसहित कर्तव्यनिष्ठ, सकारात्मक, इमानदार, सिर्जनशील र सदाचार भावनाको विकासमा युवा परिषद्ले नेतृत्वदायी भूमिका खेल्न सक्नु पर्छ । स्वदेशमा नै रहेर उद्यमशील भावनाका साथ सिप हासिल गर्ने र स्वरोजगारी सिर्जनामा लाग्न युवालाई अभिप्रेरित गर्न आवश्यक छ । बदलिएको विश्वमा सूचना प्रविधिको छलाङ र जलवायु परिवर्तनलगायत कूटनीतिका फरक फरक आयामप्रति सचेत र जिम्मेवार विश्व नागरिक विकासमा जोड दिन आवश्यक छ ।

राष्ट्रनिर्माण एवं राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने, युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने, श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार गर्ने जस्ता परिषद्को उद्देश्य रहेका छन् ।

युवा तथा खेलकुद मन्त्रालय सम्पर्क मन्त्रालय रहेको यस परिषद्ले हालसम्म मन्त्रालयको विभागीय कार्यालयभन्दा माथि उठेर प्रवर्तनात्मक गतिविधि गर्न कठिन भइरहेको देखिन्छ । परिषद्को आफ्नो छुट्टै आम्दानीको स्रोत छैन । नेपाल सरकारबाट विनियोजित बजेट तथा कार्यक्रमको परिधि र सीमाभित्र रहेर गरिने क्रियाकलापले परिषद्बाट राखिएको अपेक्षा पूरा गर्न सहज देखिन्न । वित्तीय सीमितताका बिचबाट परिषद्ले आफ्नो उद्देश्य अनुसार प्रस्ताव गरिएका कतिपय मह□वपूर्ण र युवालक्षित कार्यक्रम पनि बिचैमा गायव हुने गरेको देखिन्छ ।

अर्कोतिर युवाका क्षेत्रमा क्रियाशील सामाजिक संस्थासँगको सहकार्य र समन्वयलाई चित्तबुझ्दो ढङ्गले विस्तार गर्न सकिएको छैन । अझ गम्भीर र चित्त नबुझ्ने विषय त नेपालमा रहेका केही शक्ति राष्ट्रहरूका दूतावासमार्फत सोझै युवा परिचालन गर्ने अभ्यास रहेको छ । वैदेशिक र सरकारमार्फत प्राप्त हुने अनुदान वा सहयोग दूतावासमार्फत युवामा सोझै परिचालन गर्ने र सहजीकरणमा राष्ट्रिय युवा परिषद्को भूमिका शून्य बनाउने गलत अभ्यास रोक्न आवश्यक छ ।

अहिले जेनजी पुस्ताको नेतृत्वमा भएको भष्टाचार विरोधी आन्दोलनमा युवाको बलिदानीपछि सरकारको नेतृत्व परिवर्तन भएको छ । यो परिवर्तनसँगै आन्दोलनका विविध आयामका सपना छताछुल्ल भएर निकास खोजी रहेका छन् । यससँगै अहिलेको आन्दोलनको उठान र बैठानमा विगतमा नेतृत्व गरिरहेका राजनीतिक दलहरूका कमीकमजोरी मात्र जिम्मेवार छन् कि सामाजिक सञ्जालमा आए जस्तो र कतिपय अगुवा विश्लेषकले भने जस्तो अन्य भूराजनीतिक चाख अनुसारको चलखेल जिम्मेवार छ ? अथवा असन्तुष्ट समूहको स्वार्थले भूमिका खेलेको छ कि ? भन्ने विषय गम्भीर खोजीको विषय रहेको छ । यसका साथै नेपालले केही वर्षयता समृद्धि र विकासमा फड्को मार्दै आएको विश्लेषणउपर पनि समीक्षा गरी आगामी मार्गचित्र तयार गर्नुपर्ने देखिन्छ । सरकारमा रहँदा राम्रो देख्ने र बाहिर हुँदा नराम्रो मात्र देख्ने दृष्टिकोणमा

❖ बाँकी तेस्रो पृष्ठमा

# राजसंस्था र प्रजातन्त्र सँगैः सन्तुलित स्थायित्वको नयाँ मोडेल

• **विवेक केशरी प्रसाई**

"राजनीतिमा स्थायित्व बिना विकास सम्भव हुँदैन र स्थायित्व बिना स्वतन्त्रता केवल भ्रम हो ।"
**–राजनीति–दर्शनशास्त्री एडमण्ड बर्क**

नेपाल आज राजनीतिक अनिश्चितताको घेराभित्र छ । विगत दुई दशकमा हामीले शासन प्रणाली, संविधान, र नेतृत्वका असंख्य प्रयोग देख्यौं । तर न त स्थायित्व आयो, न त जनविश्वास फर्कियो । दलहरू जनताको आकांक्षा पुरा गर्न असफल भए; राष्ट्र नीति विदेशी स्वार्थ र वैयक्तिक समीकरणमा बन्दै गयो ।
यही पृष्ठभूमिमा फेरि एकपटक नयाँ सोच उठ्दैछ -राजसंस्था र प्रजातन्त्रलाई सन्तुलित रूपमा सहअस्तित्वमा लैजाने । यो विचार केवल भावनात्मक चाहना होइन, देशलाई स्थायित्व, पहिचान र उत्तरदायित्व दिने वैकल्पिक राष्ट्रिय विमर्श हो ।
गणतन्त्रको उपलब्धि र वास्तविकता

२०६२/६३ को जनआन्दोलनपछि नेपालले गणतन्त्रलाई अपनायो । राजसंस्था अन्त्य भयो र जनताले नयाँ युगको अपेक्षा गरे -सुशासन, पारदर्शिता, विकास र जनउत्तरदायित्वको युग ।

तर समयले देखायो -संविधान फेरिए पनि सोच फेरिएन । राजनीतिक दलहरू अझै पनि सत्ताको खेलमा अल्झिएका छन् । नैतिकता र नीति भन्दा पद र पहुँचको राजनीति बलियो बन्यो । राष्ट्रियता नारा मात्र बन्यो, नीति होइन ।
संसदले जनताको हितभन्दा बढी पार्टीको अस्तित्व जोगाउन काम गर्‍यो । राजनीतिक अस्थिरताले नीति निर्माण, लगानी र प्रशासनिक आत्मविश्वास सबै कमजोर बनायो ।
"गणतन्त्रको सार सत्ता होइन, जिम्मेवारी हो । तर जब जिम्मेवारी हराउँछ, गणतन्त्र केवल औपचारिकता बनिन्छ ।"
-नेल्सन मण्डेला
नेपालमा आज यही अवस्था छ ।

**राजसंस्थाः परम्परा होइन, एकताको प्रतीक**




राजसंस्था नेपालको इतिहास, धर्म, र सांस्कृतिक निरन्तरतासँग जोडिएको संस्था हो । तर आधुनिक नेपालको सन्दर्भमा यसको भूमिका अब सत्ताको होइन, सन्तुलनको हुनुपर्छ । "आलङ्कारिक राजा" वा "संवैधानिक राजसंस्था"को अवधारणा ब्रिटेन, जापान, नर्वे, थाइल्यान्ड लगायत धेरै देशमा स्थायित्वको ग्यारेन्टीको रूपमा स्थापित छ ।
नेपालमा पनि राजा राष्ट्रको पहिचान र एकताको प्रतीकको रूपमा रहँदा प्रजातान्त्रिक व्यवस्था जननिर्वाचित नेतृत्वमार्फत सञ्चालन हुने संरचना
सन्तुलन र निरन्तरताको सहअस्तित्व बन्न सक्छ ।

"संविधानको छातामुनि राजा केवल प्रतीक हुन्छन्, शक्ति होइन ।"
-संवैधानिक विशेषज्ञ डा. केशव उप्रेती
यही दृष्टिकोणमा राजसंस्थालाई राजनीतिक शक्ति होइन, संवैधानिक आत्मा र राष्ट्रिय एकताको प्रतिनिधि बनाउनु अहिलेको आवश्यकता हो ।

**विदेशी प्रभाव र राष्ट्रिय सार्वभौमिकताको चुनौती**

आज नेपाल कुनै विदेशी शक्ति क्षेत्रको प्रत्यक्ष कब्जामा छैन, तर नीतिगत प्रभाव र आर्थिक नियन्त्रणमा त्यसको छायाँ स्पष्ट छ । राजनीतिक दलहरूको नीति अक्सर विदेशी आर्थिक सहायता, कूटनीतिक दबाब र
पछिल्ला भू-राजनीतिक समीकरणसँग प्रभावित हुन्छ ।

जब शासनमा स्वाभिमान कमजोर हुन्छ, स्वतन्त्रता केवल शब्द रहन्छ । त्यसैले एक यस्तो संस्था चाहिन्छ, जसले दलगत शक्ति-सन्तुलनभन्दा माथि बसेर राष्ट्रको दीर्घकालीन हित र पहिचानको रक्षा गर्न सकोस् । संवैधानिक राजसंस्था त्यही सन्तुलनको सम्भावना हो -जो "राजनीतिक दलहरूको अस्थायित्व र विदेशी दबाब" दुबैबीच एक स्थायी राष्ट्रिय सन्दर्भ बिन्दु बन्न सक्छ ।
कार्यकारी प्रधानमन्त्री र प्रत्यक्ष जनादेशको आवश्यकता

राजसंस्थासँग सन्तुलित सहअस्तित्वको अर्को पाटो हो -सशक्त कार्यकारी प्रधानमन्त्री प्रणाली । राजनीतिमा स्थायित्व तब आउँछ, जब कार्यकारी नेतृत्व प्रत्यक्ष जनादेशबाट निर्वाचित हुन्छ । पार्टीगत घेराबन्दीभन्दा माथि उठेर, जनतासँग प्रत्यक्ष जवाफदेही हुने नेतृत्वले मात्रै विकास र नीति-निरन्तरता सुनिश्चित गर्न सक्छ । नेपालको सन्दर्भमा यो मोडेल यस्तो हुन सक्छ -संवैधानिक राजा राष्ट्रिय एकताको प्रतीकका रूपमा रहुन् र प्रत्यक्ष जननिर्वाचित प्रधानमन्त्री कार्यकारी सत्ताको धारक बनुन् ।

"नेतृत्व सशक्त तब हुन्छ, जब उसले आफ्ना कार्यका लागि प्रत्यक्ष जनताको जवाफदेही हुनुपर्छ ।"
-विन्सटन चर्चिल
यसरी मात्र प्रजातन्त्र बलियो हुन्छ -जब जनताको मतले मात्र होइन, जनताको निगरानीले पनि सत्ता निर्धारण गर्छ ।

**नयाँ पुस्ता र भिजनयुक्त नेतृत्वको अपेक्षा**

गणतन्त्रको १५ वर्षमा पुरानो पुस्ताले शासन गर्‍यो, तर देशले परिणाम पाएन । अब राजनीतिक प्रणाली मात्र होइन, नेतृत्वको पुस्ता पनि बदलिनुपर्ने बेला आएको छ । भिजनयुक्त नेतृत्वले पनि सफल हुन संरचनात्मक सन्तुलन आवश्यक छ । राजसंस्था, संसद र कार्यकारी शक्ति -यी सबैलाई संविधानिक ढाँचामा सन्तुलित राख्न सके नेपालले स्थायित्व र विकास दुबै पाउनेछ ।

**निष्कर्षः सन्तुलनमा नै समाधान**

राजसंस्था र प्रजातन्त्रको सम्बन्ध शून्य -योग खेल होइन । यी दुवैले सहअस्तित्वका माध्यमबाट देशको स्थायित्व, पहिचान र गौरव पुनःस्थापित गर्न सक्छन् ।
अब निर्णय गर्नुपर्ने बेला आयो -हामी निरन्तर अस्थिरता र दलगत सत्ताको घेराभित्रै बाँच्ने कि सन्तुलित, आत्मनिर्भर र राष्ट्रिय पहिचानयुक्त शासन प्रणाली निर्माण गर्ने ?
"नेतृत्व त्यतिबेला परिपक्व हुन्छ, जब उसले इतिहाससँग सम्झौता होइन, दिशा दिन्छ ।"
-महात्मा गान्धी
नेपालले इतिहाससँग सम्झौता होइन, नयाँ दिशा खोज्नुपर्छ । त्यो दिशा प्रजातन्त्रको आत्मा र राजसंस्थाको प्रतीकबीचको सन्तुलनमै सम्भव छ ।
राजा प्रतीक हुन्, जनता शक्ति -सहअस्तित्व नै स्थायित्वको नयाँ बाटो हो ।

# नचोखिदै चलमलाउन थाले दलहरू

झापा । इतिहासमै पहिलोपटक गैरराजनीतिक ब्यानरमा सत्ता उलटफेर हुनेगरी जेनजी आन्दोलन भएको महिना दिन पूरा भइसकेको छ। देशमा मौलाउँदै गएको 'भ्रष्टाचार र कुशासन'विरुद्ध भदौ २३ र २४ मा जेनजी युवाहरू सडकमा ओर्लिएका थिए।
जेनजी युवाहरूको उक्त आन्दोलनले प्रमुख तथा पुराना भनिएका दलहरूलाई किनारा लगायो। तत्कालीन प्रधानमन्त्री, मन्त्री तथा दलका नेताहरूलाई हेलिकप्टरबाट उद्धार गरेर सेनाले आन्दोलनको राप नसेलाउन्जेल आफ्नै सुरक्षामा राख्नुपरेको थियो।
सेनाको सुरक्षाबाट बाहिर आइसकेपछि पनि केही समय नेताहरू सार्वजनिक रूपमा खुलमखुला हिँड्ने र बोल्ने अवस्था थिएन। किनभने राज्य सत्तामा लामो समय रहेर पालैपालो भ्रष्टाचार तथा कुशासनलाई प्रश्रय दिने दलहरू जेनजी पुस्ताको निशानामा परेका थिए।
तर अन्तरिम सरकार गठनसँगै परिस्थिति सामान्य बन्दै गएको छ। योसँगै आन्दोलनको रापले पाखा लागेका दलहरूले पनि क्रमशः सक्रियता बढाउन थालेका छन्। नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), एकीकृत समाजवादी लगायतका अधिकांश दलहरू औपचारिक भेला तथा बैठकहरूमार्फत सक्रियता बढाएका हुन्।
पार्टी सभापति दम्पती शेरबहादुर देउवा र आरजु राणामाथि भौतिक रूपमै आक्रमण भएपछि केही समय मौन रहेका कांग्रेसजन अहिले चलमलाउन थालेका छन्। कांग्रेसले जेनजी आन्दोलनपछिको दोस्रो औपचारिक पार्टी बैठक शुक्रबार मात्रै सम्पन्न गरेको छ। आन्दोलनपछि पहिलो पटक ३ असोजमा केन्द्रीय कार्यसम्पादन समिति बैठक आयोजना गरेको कांग्रेसले शुक्रबार पूर्वपदाधिकारी तथा पदाधिकारी बैठक सम्पन्न गरेको हो। आफैँले बोलाएको पार्टी बैठक सभापति देउवा भने अनुपस्थित रहे भने बैठकको नेतृत्व उपसभापति पूर्णबहादुर खड्काले गरेका थिए।
बिहीबार र शुक्रबार दुई दिन चलेको बैठक जेनजी आन्दोलनकै वरिपरी केन्द्रित रह्यो। नेताहरूका अनुसार जेनजी पुस्ताको माग अनुसार नेतृत्व पुस्तान्तरण गरेर पार्टीलाई नीति र विधिसम्म सञ्चालन गर्ने विषयमा बैठकमा छलफल भयो। जेनजी आन्दोलन नभएको भए एकदेखि डेढ वर्ष पर धकेलिने निश्चित जस्तै रहेको कांग्रेस महाधिवेशन अब अगाडि नै हुने अवस्था बनेको छ।
सम्भवतः यसको छिनोफानो केन्द्रीय कार्यसमिति बैठकबाट हुनेछ। कांग्रेसले २६ असोजदेखि केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ। जेनजी आन्दोलनपछिका बैठकहरूमा सहभागी नभएका देउवा केन्द्रीय कार्यसमितिमा भने उपस्थित हुने तयारीमा छन्।
नेकपा एमालेको सक्रियता पनि उस्तै छ। एमालेको पनि शुक्रबार मात्रै अर्को केन्द्रीय सचिवालय बैठक सम्पन्न भएको छ। जेनजी आन्दोलनपछिको यो दोस्रो सचिवालय बैठक हो। यसअघि १२ असोजमा सचिवालय बैठक बसेको थियो।
औपचारिक बैठक आन्दोलनको झन्डै तीन हप्तापछि बसेको भएपनि एमाले अध्यक्ष केपी ओली एकदिन अघि नै सार्वजनिक भएका थिए। आन्दोलनमा आफ्नो निजी निवास जलेपछि भक्तपुरको गुण्डुमा सरेका उनी पार्टी निकट युवा संघको शुभकामना आदानप्रदान कार्यक्रममा सहभागी भएका थिए।
शुक्रबारको दोस्रो सचिवालय बैठक बैठकले बैठकमा समसामयिक राजनीतिक परिस्थिति, पार्टीका आन्तरिक विषयको व्यवस्थापन, जेनजी आन्दोलनपछि पार्टीको अवस्थाबारे छलफल गर्नुका साथै आसन्न केन्द्रीय कमिटीका एजेन्डा तय गरेको छ।
एमालेको केन्द्रीय कमिटी बैठक यही असोज २९ देखि ३१ गतेसम्म बस्नेछ। यसअघि असोज १९ र २० गतेका लागि तय गरिएको बैठक अविरल वर्षाका कारण स्थगित भएको थियो । त्यसपछि असोज २७ गतेदेखि गर्ने भनिएको बैठक थप दुई दिन पर सरेको हो।
एमाले आन्तरिक रूपमा सक्रिय बनेको मात्रै छैन, जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारसँग पौँठेजोडी खेल्ने मुडमा समेत देखिन्छ। एमाले अध्यक्ष ओली स्वयंले अन्तरिम सरकार र आसन्न निर्वाचन अस्वीकार गर्ने किसिमका अभिव्यक्ति दिँदै आएका छन्।
संसद् पुनःस्थापनाका लागि संघर्ष गर्ने घोषणा गरेका ओलीले गृहमन्त्री ओमप्रकाश अर्याल र जेनजी आन्दोलनको दमन एवं विध्वंसको जाँचबुझ गर्न गठित आयोगका अध्यक्ष गौरीबहादुर प्रधानलाई खिसी टिउरीसमेत गरेका छन् ।
जेनजी आन्दोलन उठ्नुमै मुख्य कारकका रूपमा अर्थ्याउने गरिएका तत्कालीन प्रधानमन्त्री ओलीका यी यस्तै चालढाल र अभिव्यक्तिका कारण उनमा अलिकति पनि दम्भ र अहंकार कम नभएको आमटिप्पणी भइरहेको छ।
अन्य दलहरूको तुलनामा अझ बढी सक्रियता देखाउनेमा माओवादी केन्द्र अग्रपंक्तिमा छ। जेनजी आन्दोलनपछि उसले पार्टीका विभिन्न तहको बैठक मात्रै राखेको छैन, विशेष महाधिवेशनतर्फ अग्रसर नै भइसकेको छ।
असोज ९ र १० मा बसेको माओवादी केन्द्रीय समिति बैठकले केन्द्रीय समितिलाई विशेष महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरिसकेको छ। अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'कै संयोजकत्वमा रहेको समितिले आगामी मंसिर अन्तिम साता विशेष महाधिवेशन गराउने निर्णय गरेको छ।
केन्द्रीय समिति विघटनपछि असोज २० गते माओवादीको पहिलो सचिवालय बैठक बसेको थियो। केन्द्रीय कार्यालय पेरिस डाँडामा बसेको बैठकले जेनजी विद्रोहपछिको राजनीतिक अवस्था, पार्टी एकता तथा ध्रुवीकरण, महाधिवेशनको मिति तय, प्रतिनिधि छनोट कार्यविधि लगायत विषयमा छलफल गरेको थियो।
माओवादी कसरी अघि बढ्न भन्ने सन्दर्भमा शुक्रबार मात्रै प्रचण्डले सम्पादकहरूसँग संवाद गरेका छन्। त्यसक्रममा उनले माओवादी जेनजी पुस्ताको मागअनुसार रूपान्तरण हुन तयार रहेको र मध्यावधि चुनावका लागि तयार रहेको बताएका छन्।

जेनजी आन्दोलनबाट पार्टीको काम कारबाही कम प्रभावित हुने दलमध्येमा रास्वपा पर्छ। पछिल्लो आमनिर्वाचनबाट उदाएको, राज्य सत्तामा कम रहेको र युवा पुस्ताको वर्चस्व रहनुका साथै आन्दोलनमा नैतिक समर्थनसमेत जनाएकाले आन्दोलनकारीको निशानामा रास्वपा परेन।
आन्दोलनकै मौका छोपेर आफ्नो सभापति रवि लामिछानेलाई छोटो समयका लागि भए पनि जेलमुक्त गर्न सफल भएको रास्वपाको पार्टी बैठकहरू निरन्तर बस्दै नै आएको छ। अनौपचारिक रूपमा निरन्तर छलफल चलाइरहेको उसले जेनजी आन्दोलनपछि पहिलो औपचारिक बैठक भने असोज ७ र ८ गते बलाएको थियो। रास्वपाको उक्त केन्द्रीय समिति बैठक आन्दोलन र त्यससँग सम्बन्धित पक्षमाथिको छलफलमा केन्द्रित रह्यो।
असोज १९ गते यता रास्वपाले बाढी-पहिरोले निम्त्याएको विपद्का सन्दर्भमा निरन्तर भर्चुअल बैठकहरूसमेत गर्दै आयो। २२ गतेदेखि केन्द्रीय सचिवालय बैठक बस्यो। त्यसैको निरन्तरतास्वरुप आज शुक्रबार पनि रास्वपाको सचिवालय बैठक बस्यो ।

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## परिवर्तनका...

यथार्थवादी चिन्तको विकास हुन आवश्यक छ । यस अर्थमा यो परिवर्तनलाई संस्थागत गर्न र पुस्ता जेडसँगै बुमर्स, एक्स, वाईदेखि अल्फा र बिटासम्मका अपेक्षालाई उचित मार्गदर्शन गरी मुलुकको क्षमतासँग एकाकार गर्न राष्ट्रिय युवा परिषद्को भूमिका थप विस्तार गर्नुपर्ने देखिन्छ । यसका लागि राष्ट्रिय युवा परिषद्को गठन र परिचालनमा नयाँपन दिन आवश्यक हुन सक्छ ।

अहिले आकांक्षा, अपेक्षा र वर्तमानको सम्भावनाका बिचमा उभिएका युवालाई दलीय चिन्तनभन्दा माथि उठेर राष्ट्रिय स्वाभिमान, स्वावलम्बन, सिप, स्वरोजगारसँगै आफ्नो इतिहास, संस्कार र संस्कृतिप्रति गर्व गर्न र जिम्मेवार बनाउन सही मार्गदर्शन आवश्यक छ । आसन्न निर्वाचनमा स्वस्थ निर्वाचन प्रक्रिया अवलम्बन गर्न र मतदाताको मताधिकारको उचित उपयोग गर्न गराउन परिषद्ले भूमिका खेल्न सक्छ ।
विगतमा सरकारले गलत गर्‍यो भन्ने मात्र चर्चाले काम गर्दैन । हामीले राणाकाल, पञ्चायत, राजतन्त्रदेखि पुराना राजनीतिक दल, कर्मचारी वा उद्योगी व्यवसायीले गलत गरे भन्न सिकेका छौँ तर परिवर्तनका लागि आफू र आफ्ना कहाँ रहन्छौँ भन्ने सोच त्यागेर मुलुकको भविष्य निर्माणमा पूर्ण निस्वार्थ रूपमा परिचालन हुन सकेका छैनौँ । अर्थात् विरोध गर्न जानेका छौँ तर विरोधलाई रचनात्मक उन्नति र विकासका दिशामा परिचालन गर्न सकेका छैनौँ ।

तसर्थ राष्ट्र निर्माणका विविध क्षेत्रमा परिषद् आफूले विगत वर्षदेखि गर्दै आएका नमुना युवा संसद् अभ्यास, युवा उद्यमशीलता प्रवर्धन सम्मेलन, उद्यम गर्नका लागि वित्तीय साक्षरता तालिम, संयुक्त राष्ट्रसंघीय नमुना महासभा, युवा वैज्ञानिक प्रदर्शनी र सम्मेलन, युवा परामर्श, स्वयंसेवक विकास र परिचालन, इन्क्युवेसन, सुशासन र युवामैत्री शासन विकासमा सहजीकरण र परीक्षण, परम्परागत सिपको संरक्षण जस्ता कार्यका साथै युवाको मनोबल विकासमा परिचालित हुन सक्छ । यस्तो कामका लागि सरकारी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार, लगानीकर्ता र स्वयंसेवकीय मनहरूका बिचमा उचित समन्वय, सहकार्य र साझेदारी गर्ने पद्धति बलियो बनाउँदै लैजानु सक्नु नै अहिलेको आवश्यकता देखिन्छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।
मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ